**BMC Research Journal**
**ISSN:** 2795-1731
Peer-reviewed, Interdisciplinary
Open Access Journal
Indexed in NepJOL

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailalai, Nepal
**URL:** www.birendracampus.edu.np

*Research Article*

# "धृतराष्ट्र" खण्डकाव्यमा अङ्गीरस

**डा. चक्रप्रसाद अधिकारी**
प्राध्यापनरत
वीरेन्द्र विद्यामन्दिर क्याम्पस, टीकापुर, कैलाली, नेपाल

*Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal*
*Publication: June 2024, Volume: 3. BMC Research Journal*
*Corresponding author: Chakra Prasad Adhikari, Phd, Email: adhikaricp2@gmail.com*
*Copy right© The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).*

**लेखसार**

'धृतराष्ट्र खण्डकाव्यमा अङ्गीरस' शीर्षकको प्रस्तुत लेखमा सर्वप्रथम कवि घनश्याम कँडेलको र उनको धृतराष्ट्र खण्डकाव्यको सामान्य परिचय दिइएको छ । विषयवस्तु प्रस्ट्याउन अलग-अलग शीर्षक राखी धृतराष्ट्र खण्डकाव्यको कथावस्तुलाई सामान्य चिनारीका रूपमा प्रस्तुत गरिएको छ । अङ्गीरसको सामान्य परिचय दिई त्यसका उपकरणको चर्चा गर्दै आलम्बन र उद्दीपन विभाव, अनुभाव एवम् व्यभिचारी भावको सान्दर्भिक चर्चा गरिएको छ । यस क्रममा धृतराष्ट्रलाई आलम्बनका रूपमा, महाभारतीय युद्धलाई उद्दीपनका रूपमा, धृतराष्ट्रका जीवनभोगाइलाई अनुभावका रूपमा, युद्धमा घटित घटनाबाट उत्पन्न चिन्ता, ग्लानी वितर्क, स्मृति आदिलाई व्यभिचारी भावका रूपमा प्रयोग गरिएको छ । प्राज्ञिक समस्याका रूपमा धृतराष्ट्र खण्डकाव्यमा कुन अङ्गीरसको प्रयोग गरिएको छ भन्ने समस्या राखी धृतराष्ट्र खण्डकाव्यमा प्रयुक्त अङ्गीरसको निरूपण गर्ने उद्देश्य किटान गरिएको छ । सामग्री सङ्कलन तथा विश्लेषणका क्रममा पुस्तकालयीय अध्ययनको उपयोग गरी विश्लेषण गरिएको छ । सैद्धान्तिक पर्याधारका रूपमा पूर्वीय वाङ्मयको रससिद्धान्तको प्रयोग गरिएको छ । यसअघि भए गरेका पूर्वकार्यको सामान्य चर्चा गरी विश्लेषण गरिएको छ । धृतराष्ट्र खण्डकाव्यको परिचय, रचनागर्भ लगायतका विश्लेषणीय पक्षलाई अँगाल्दै उक्त काव्यमा प्रयुक्त अङ्गीरस र अङ्गरसको विश्लेषण गरिएको छ । यसरी धृतराष्ट्र खण्डकाव्य करुणरस अङ्गीरस तथा अन्य अङ्गरसको प्रयोग भएको रसयुक्त काव्य हो भन्ने निष्कर्षमा पुगिएको छ ।

**मुख्य शब्दावली** : भाव, उद्दीपन, आलम्बन, परिपाक

## अध्ययनको पृष्ठभूमि

'धृतराष्ट्र खण्डकाव्य (२०७३) घनश्याम कँडेलको छैटौं प्रबन्धकाव्य हो । यस प्रबन्धकाव्यमा कविले महाभारतीय पात्र धृतराष्ट्रलाई प्रमुख पात्रका रूपमा उभ्याई विश्लेषण गर्ने क्रममा पौराणिक

मिथकलाई आख्यानसूत्र बनाएर पुरानो विषय सन्दर्भलाई नयाँ स्वर र नयाँ विचारका साथ प्रस्तुत गर्दै विकलाङ्गप्रति गरिने हेयपूर्ण व्यवबहार र विकलाङ्गमा पर्ने असरलाई खण्डकाव्यको मुख्य प्रस्तुति बनाएका छन् । कथावस्तुको थालनी युद्धको सर्वसंहारपछि विक्षुब्ध बनेका धृतराष्ट्रको मानसिक अवस्थामा परेको प्रभावबाट थालनी भएको र उनले आफ्नो अन्धता बोध गरी विकलाङ्गप्रति गरिने व्यवहार उचित नभएको कुरा व्यक्त गरेको प्रसङ्गबाट कविले कथावस्तु अघिबढाएका छन् । त्यस क्रममा कवि कँडेलले अङ्गीरसका रूपमा करुण रस र अङ्ग रसका रूपमा अद्भुत, तथा वीर रसहरूको यथोचित प्रयोग गरेका छन् । काव्यको आदिदेखि अन्त्यसम्म अटूटरूपमा प्रवाहित हुने प्रबन्धव्यापी रसलाई अङ्गीरस भनिन्छ (विश्वनाथ सन् १९७६) । भरतमुनिका अनुसार विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसनिष्पत्ति हुन्छ (भरतमुनि : २०५४) भन्ने मान्यतानुसारका रससामग्रीका आधारमा अङ्गीरसको निरूपण गरिन्छ ।

धृतराष्ट्र खण्डकाव्यमा प्रयुक्त करुणरसका रससामग्रीमा विभावअन्तर्गतका आलम्बन र उद्दीपन विभाव, अनुभावअन्तर्गत कायिक, वाचिक र मानसिक अनुभाव तथा व्यभिचारी वा सञ्चारी भावअन्तर्गत ३३ प्रकारमा विभक्त निर्वेद, आवेग, दैत्य, श्रम, मद, जडता, उग्रता, मोह, विबोध स्वप्न, अपस्मार, मरण, अलसता, अमर्ष, निद्रा, अवहित्था, उत्सुकता, उन्माद, शङ्का, स्मृति, मति, व्याधि, सन्त्रास, लज्जा, हर्ष, असूया, धृति, चपलता, ग्लानि, चिन्ता र वितर्कलाई निम्नानुसारका उपशीर्षकमा प्रयुक्त गरिएको पुष्टि गरिन्छ ।

प्रस्तुत लेख कवि घनश्याम कँडेलको धृतराष्ट्र खण्डकाव्यमा कुन अङ्गीरसको प्रयोग गरिएको छ ? भन्ने समस्यामा केन्द्रित छ भने धृतराष्ट्र खण्डकाव्यमा प्रयुक्त अङ्गीरसको निरूपण गर्नु नै लेखको मुख्य उद्देश्य रहेको छ । प्रस्तुत लेखमा सामग्री सङ्कलन तथा विश्लेषणका क्रममा पुस्तकालयीय अध्ययन र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । सैद्धान्तिक पर्याधारका रूपमा पौरस्त्य वाङ्मयको रससिद्धान्तलाई अवलम्बन गरिएको छ ।

प्रस्तुत अनुसन्धानमूलक लेखको वैधताका निम्ति आवश्यक पर्ने पूर्वकार्य समीक्षालाई निम्नानुसार प्रस्तुत गरिन्छ :

माधवप्रसाद पोखरलेले धृतराष्ट्र खण्डकाव्य (२०७३) नामक पुस्तकको कृतज्ञता ज्ञापन लेखमा प्रस्तुत खण्डकाव्यका नायक धृतराष्ट्रको माध्यमबाट काव्य सिर्जना गरिएको र युद्धको सर्वसंहारपश्चात्का घटनाक्रमलाई समेटी नयाँ सिराबाट काव्यको उठान गरिएको कुरा व्यक्त गर्दै धृतराष्ट्रले आफू जन्मान्ध भएकै कारण अपहेलित बन्नुपरेको स्विकारेको कुरा व्यक्त गरेका छन् । त्यस्तै माधवप्रसाद पोखरेलले पनि धृतराष्ट्र (२०७३) को भूमिका लेखमा घनश्याम कँडेल खल पात्रलाई मुख्य पात्र बनाएर काव्य लेख्छन् । उनले धृतराष्ट्रमा धृतराष्ट्र भएर उनकै पक्षमा वकालत गर्दै न्यायका तराजुमा महाभारतका खल पात्रलाई उचित स्थान (नायकत्व ) दिएका छन् भन्नेकुरा उल्लेख गरेका छन् ।

रामप्रसाद ज्ञवालीले धृतराष्ट्र (२०७३) खण्डकाव्यको भूमिका खण्डमा धृतराष्ट्रको कथा महाभारतबाट लिइएको बताउँदै यसमा नयाँ शैलीमा मिथक र मिथकीय पात्रलाई नायक नायिका बनाई आधुनिक कथाको अभिव्यक्ति दिने नया शैली वा प्रवृत्तिको काव्य भनेका छन् ।

## अध्ययन विधि

यस अध्ययनमा निम्नानुसारको अध्ययन विधि अवलम्बन गरिएको छ

## अनुसन्धानको ढाँचा

प्रस्तुत अध्ययन गुणात्मक ढाँचाको अध्ययन हो । यस अध्ययनमा प्राच्य वाङ्मयको रससिद्धान्तका आधारमा कवि घनश्याम कँडेलको धृतराष्ट्र खण्डकाव्यको विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## नमुना छनोट

प्रस्तुत अध्ययनमा सोद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा रसविश्लेषणको सैद्धान्तिक अवधारणा छनोट गरिएको छ ।

## तथ्य सङ्कलन

यस अध्ययनमा घनश्याम कँडेल र उनको धृतराष्ट्र खण्डकाव्यसित सम्बन्धित तथा पूर्वीय काव्यसिद्धान्तको रसविश्लेषणसँग सम्बन्धित विभिन्न कृति र लेखका साथै अवलोकन र प्रयोग समेतलाई आधार बनाई तथ्य सङ्कलन गरिएको छ ।

## तथ्य सङ्कलनका साधन

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीय स्रोतका दस्तावेजको विश्लेषण गरिएको छ । यसका लागि विभिन्न प्रकाशित  लेख रचना, पुस्तक र पत्रपत्रिकाको उपयोग गरिएको छ र समीक्षात्मक विश्लेषण गरी निष्कर्षमा पुग्ने जमर्को गरिएको छ ।

## तथ्य विश्लेषण प्रक्रिया

प्रस्तुत लेखमा वर्णनात्मक विधिमा आधारित भई  विश्लेषण गरी सम्बद्ध तथ्यको वर्णन र पुष्टिका निम्ति उदाहरणसमेत दिई विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत लेखमा सैद्धान्तिक आधारका रूपमा प्राच्यवाङ्मयको रससिद्धान्तलाई उपयोग गरिएको छ । त्यसक्रममा भरतमुनि, मम्मट, विश्वनाथ, जगन्नाथ प्रभृति रसवादी आचार्यका रसनिष्पत्तिसम्बन्धी मान्यता र परिभाषालाई समेटी निष्कर्ष निकालिएको छ ।

## 'धृतराष्ट्र' खण्डकाव्यको विश्लेषण

'धृतराष्ट्र' प्रबन्धकाव्य कवि घनश्याम कँडेल (२००२) द्वारा रचित तेस्रो पौराणिक खण्डकाव्य हो भने समग्र काव्यकृतिका दृष्टिले छैटौं खण्डकाव्य हो । यस अघि 'देवयानी' (पौराणिक काव्य), 'उज्यालोतिर' (सामाजिक  गीतिकाव्य), 'वनको क्रन्दन' (प्राकृतिक लघुकाव्य) र 'आँसुका अक्षर' (शोककाव्य) जस्ता काव्यकृति पस्किसकेका कविले यस खण्डकाव्यमा महाभारतीय पौराणिक आख्यानलाई उपजीव्य तुल्याई मौलिकता प्रदान गरेका छन् । यस खण्डकाव्यको भूमिका खण्डमा

समालोचक रामप्रसाद ज्ञवालीले घनश्याम कँडेलद्वारा रचित धृतराष्ट्र नामक खण्डकाव्य जम्मा ९६ पृष्ठ रहेको र यसलाई आफूले खण्डकाव्य ठहर्याएको कुरा उल्लेख गरेकाले उक्त कृति खण्डकाव्य भएको कुरा स्पष्ट हुन्छ भने प्रबन्धकाव्यअन्तर्गत लघुकाव्य, खण्डकाव्य, शोककाव्य, गीतिकाव्य र महाकाव्य पर्ने भएकाले उक्त कृति प्रबन्धकाव्य भएको स्विकारिन्छ । उक्त प्रबन्धकाव्यमा भरतमुनिले नाट्यशास्त्रमा उल्लेख गरेअनुसारका विभाव,अनुभाव र व्यभिचारी भावको संयोजन के कसरी कहाँ हुन गै रस परिपाक भएको छ ? भन्ने कुराको अन्वेषण गरी प्रस्ट्याउनु पर्ने भएकाले उक्त प्रबन्धकाव्यमा अङ्गीरस कुन छ ? अङ्गरसहरू कुन कुन छन् र ती रसहरू के कसरी प्रयुक्त भएका छन् र रस परिपाकको अवस्थामा पुगेका छन् ? भन्नेतर्फ नै यो अध्ययन अनुसन्धान केन्द्रित रहने भएकाले सोही बमोजिम यस काव्यलाई निम्नानुसारका विभिन्न शीर्षकमा वर्गीकरण गरी विश्लेषण गरिन्छ :

## रचनासन्दर्भ

कवि घनश्याम कँडेल स्वयम् पूर्वीय साहित्यशास्त्रका अध्येता भएका र पण्डित खलकका एक सशक्त व्यक्ति भएकाले पुराण पढ्ने, सुन्ने, सुनाउने क्रमबाटै यस काव्यको रचनातर्फ कविको ध्यान आकृष्ट भएको देखिन्छ । त्यति मात्र नभई कवि स्वयंले जीवनको कालखण्डमा भोग्नु परेको अन्धताले कविलाई यस काव्यको निर्माणमा घच्घच्याएको देखिन्छ । कवि कँडेलले महाभारतीय आख्यानलाई नयाँ सिराबाट उनी उपजीव्य तुल्याएका छन् । महाभारतको युद्धपर्वपछिका घटनाहरूलाई समेटेर समाजले विकलाङ्गहरूलाई हेयात्मक ढङ्गबाट बुझ्ने गरेका विकलाङ्ग व्यक्तिहरूको सामाजिक जीवन भोगाईको ज्ञात, पौराणिक अध्ययन अध्यापन र अनुसन्धानबाट प्राप्त पौराणिककालीन समाज व्यवस्था एवं व्यवहारिकताको उपजले उक्त काव्यको निर्मितिको धरातलीय आधारशीला खडा भएको देखिन्छ । उक्त महाभारतीय  निष्कर्षमा पुर्याउने उद्देश्यले यस काव्यको निर्माण भएको कुरा कवि स्वयंले लेखकसितको कुराकानीमा बताएकाले यसको रचनासन्दर्भ प्रस्टिन्छ ।

## आख्यानीकरण

कवि घनश्याम कँडेलको धृतराष्ट्र प्रबन्धकाव्यमा आख्यानीकरणलाई मजबुत बनाउन कथावस्तु पात्र र परिवेशको त्रिपक्षीय प्रबन्धगत संयोजन गरिएको छ । यस काव्यले मूर्त आख्यानीकरण र मझौला आख्यानीकरणको आयोजना वा आयाम प्राप्त गरेको छ । प्रबन्धकाव्य लेखनमा लामो समयको अन्तराल पाइए तापनि यसको आख्यान श्रृङ्खला सरल, रैखिक देखिन्छ । कविको अनुभूति छन्दको अनुशासन र प्रबन्ध संरचनातर्फ सचेत भई अघि बढेकाले प्रबन्धकाव्यको आख्यानीकरणमा पौराणिक प्रभाव अर्थात पूरा कथाको प्रभाव र कविको मौलिक तार्किक र कल्पनाशील भावनाको आख्यानीकरणतिर ढल्किँदै अन्तर्मुखी अवलोकनबाट बाह्य वस्तुजगत र प्राकृतिक पर्यावरणीय स्थिति प्राप्त गरेको देखिन्छ । भावनाको आख्यानीकरण गर्ने क्रममा पात्रगत मनोविज्ञान र कविको अन्तस्करणको आत्मिक राग प्रयोग भएको छ भने प्रबन्धकाव्यमा कथावस्तु पात्र र परिवेशको त्रिआयामिक अन्विति संयोजन गर्दै प्रबन्धकाव्यका निम्ति उपयुक्त, वस्तुगत, ठोस आख्यानीकरणको निर्माण गरिएको छ ।

**कथावस्तु**

कवि घनश्याम कँडेलले यस प्रबन्धकाव्यको कथावस्तु महाभारतको युद्धपर्वपछिका घटनाहरूलाई समेटेर महाभारतका खलपात्र धृतराष्ट्रलाई मुख्य पात्र बनाई युद्धको सर्वसंहारपश्चात्का घटनाक्रमलाई धृतराष्ट्रको माध्यमबाट समेटी रचना गरेका छन् । त्यस क्रममा युद्धको संहारबाट आहत भएका धृतराष्ट्रलाई आफू बाल्यकालदेखि नै अन्धो (दृष्टिविहीन) भएको र कसैले पनि त्यसको बोध हुन नदिई आजको स्थितिसम्म पुऱ्याएकाले  अन्धत्वको आत्मबोध गरेपछि सुरुवात् भएको यस काव्यको कथानक महाभारतीय कथानक भए तापनि महाभारतभन्दा भिन्न प्रकृतिको छ । यस सम्बन्धी स्वयम् कविको कथन छ । आत्मालापीय शैलीमा लेखिएको पूर्व स्मृतिका रूपमा लेखिएको प्रबन्धकाव्य हो र यस काव्यका सम्पूर्ण घटना परिघटनाका प्रस्तोता नायक धृतराष्ट्र नै हुन् । अन्धताको समस्या धृतराष्ट्रले आफू अन्धा भएकाले भोग्नु परेको र उनीमाथि अन्याय, अत्याचार गरिएका आक्रोश स्वरूप उनका मनमा पैदा भएका भावना र प्रतिशोधका रूपमा त्यसको प्रतिफलको रूपमा भएको युद्ध, युद्धपछिको धृतराष्ट्रको मनस्थिति र युद्धसम्बन्धी धृतराष्ट्रका निष्कर्षात्मक विचार उनकै आत्मालापीय शैलीमा व्यक्त भएको कुरा कविले उल्लेख गरेका छन् ।

उपर्युक्त भनाइबाट यस खण्डकाव्यको विजतत्व अर्थात् आख्यानबीज महाभारतीय कथावस्तु भए तापनि कविले उक्त कथावस्तुलाई धृतराष्ट्रकै केन्द्रीयताबाट पुनः सृजन गरी अपाङ्गहरूको मनमा कति गहिरो चोट पुऱ्याएको हुन्छ त्यसको परिणाम कस्तो हुन्छ भन्ने सन्दर्भमा यस काव्यको कथा पुनः सृजन भएको देखिन्छ । जम्मा जम्मी अलग अलग शीर्षकका सात खण्डमा रचिएको यस काव्यमा कविले युद्धको त्रासदीबाट विचलित बनेका धृतराष्ट्रले अन्धत्वचेत नामक पहिलो सर्ग वा खण्डमा आफू अन्धो छु अन्धै थिएँ अथवा जन्मँदा पनि अन्धो नै थिएँ कि मलाई त्यो केही पनि थाहा छैन । अन्धता भनेको के हो मलाई त्यस कुराको पनि बोध थिएन । म बाल्यावस्थामा भएको बेला अन्धताको बोधै थिएन र दृष्टि नहुँदा के हुन्छ भन्ने कुरामा पनि म सचेत थिएँन । बाल्यकालमा आफू अन्य सरह छु भन्ने लाग्नाले अरु र आफूबिचको भिन्नताको पनि कुनै बोध थिएन । खुसी खुसीमा बितेको मेरो त्यो बाल्यकाल नै ज्यादै रमाइलो थियो । दरबारमा हुर्किएकाले कुनै चिज पनि छैन भन्ने शब्द नै आफूले सुन्नु परेन । मेरा सम्पूर्ण चाहनाहरू इसारा गर्दा साथ पुरा हुन्थे त्यसैले अभावको बोध भएन । विस्तारै मलाई चर्चाको विषय बनाई ममाथि सहानुभूति बर्साउन थालियो । अरुबाट मेरो दृष्टि नभएको र मैले यस सुन्दर सृष्टिलाई देख्न नसक्ने कुरा थाहा पाएँ । दिनरात, बिहान, साँझ के हो, सूर्य के हो ? भन्ने कुरा मैले केही पनि थाहा पाइन । जुनतारा, धर्ती, आकाश, रङ्गहरू, के कस्ता हुन्छन् ? कसरी छुट्टिन्छन् मलाई केही थाहा छैन । म सबै सधैं एकनाश देख्छु । फुलेका फूल्ने सृष्टिको प्रफुल्लता प्रदान गर्ने कुरा पनि पारख गर्ने अवस्था ममा छैन ।

यस काव्यको कथावस्तु धृतराष्ट्रले आफ्नो बाल्यकालदेखि प्रौढावस्थामा पुग्दासम्मको स्मृति आफूमाथि गरिएको व्यवहार आदिलाई अभिव्यक्त गरेका छन् । कथानक अघि बढ्दै जाँदा धृतराष्ट्रले नदीहरू झर्ना बोल्दै बग्छन् रे , पर्वतहरू स्थिर छन् रे । म भने ती कसैलाई हेर्न र पारख गर्न सक्दैन । यदि म दृष्टिले सृष्टिको मधुरीमा पिउन सक्ने भए पिउँथे तर केही पनि देख्न सकिरहेको छैन । सृष्टि नियाल्न सक्नेहरू दिनदिनै नयाँ दृश्य देख्छन् रे  । म भने केही देख्दिनँ । मेरो निम्ति

दिनरात सबै समान छन् । आँखा नै सबै इन्द्रियको नेता हुन्छ रे त्यै नभए अन्य इन्द्रीय रनभुल्लमा पर्छन् । यस्ता सबै कुरा थाहा पाउन थालेपछि मेरो उत्सुकता पनि बढ्यो । म एकान्तमा एक्लै सोच्न र घोत्लिन थालेँ । धर्तीमा म मात्र दृष्टिविहीन भएर कसरी जन्मेछुँ । मेरो दृष्टि गर्भमै किन खोसियो भनेर विज्ञहरूसित सोध्न थालेँ । मलाई चित्तबुझ्दो उत्तर कसैले दिएनन् । कसैले जिन्दगीमा भाग्यमै भविष्य भएको बताए भने कसैले हर्ताकर्ता नै विधाता हुन् भने । कसैले आफ्नै कर्मको फल हो भने तर मलाई कसैका कुरामा पनि विश्वास लागेन । यदि भाग्यकै भूमिकाले जीवन चल्ने हो भने सबैले हात बाँधेर बसे भयो नि , किन काम गर्नुपर्‍यो ? भन्ने कुराहरू धृतराष्ट्रका मनमा खेलेका देखिन्छन् । उक्त कुराहरूबाट कथानक अगाडि बढ्दै जाँदा सर्ग १ बाट सुरु भएको काव्य क्रमशः सर्ग ७ मा गएर टुङ्गिएको छ । यसरी नै यस काव्यमा धृतराष्ट्रको आत्मालापीय कथावस्तुलाई नै कविले काव्यमा मुख्य कथावस्तुका रूपमा उल्लेख गरेका छन् । यसरी धृतराष्ट्र खण्डकाव्य अन्धत्वचेतबाट सुरु भई समाहारसम्मका सात सर्गसम्मको कथानकमा आदि, मध्य र अन्त्यको क्रममा ठिकसँग अन्विति मिली कथानक प्रवाहित भएको छ ।

## पात्र योजना

प्रस्तुत काव्यमा कविले अमूर्त रूपमा अन्य पात्रलाई राखी केवल धृतराष्ट्रलाई मात्र प्रमुख पात्रका रूपमा उभ्याई उनैको केन्द्रीयतामा यस काव्यको सिङ्गो कथानकलाई हिनाएका छन् ।  यस काव्यलाई गति प्रदान गर्न धृतराष्ट्रलाई मुख्य पात्र बनाई उनैको केन्द्रीयतामा आद्योपान्त कथावस्तु उनिएकाले धृतराष्ट्र नै यस काव्यको सम्पूर्ण भूमिकामा रहेका पात्र भएकाले यस काव्यका नायक हुन् । उनी सानैदेखि अन्धा भए तापनि राजसी सुख सयलमा जन्मी हुर्केकाले उनमा अन्धत्वको चेतना नै नभएको र अन्य बालक सरह, युवा सरह उनलाई कुनै कुराको कमी नगराई हुर्काइएको प्रसङ्ग कथामा उल्लेख गरिएको पाइन्छ । काव्यको सुरुवात मै अन्धत्वचेत शीर्षक राखी महाभारतको सर्वसंहारपछि मात्र आफ्नो अतिततिर धृतराष्ट्रले फर्केर हेर्ने क्रममा उनले देखेका आफ्ना बाल्यकाल, अन्धत्वको बोधपछि विस्तारै उनका मनमा जाग्दै गएका जिज्ञासा र तत्सम्बन्धी प्रतिक्रियालाई रामप्रसाद ज्ञवालीले नयाँ शैलीमा महाभारतीय मिथकलाई र मिथकीय पात्रलाई नायक नायिका बनाई आधुनिक कथाको अभिव्यक्ति दिने नयाँ शैली वा प्रवृत्तिको काव्य भनी उल्लेख गरेका छन्  ( ज्ञवाली, २०७३) ।

उक्त धृतराष्ट्रबाहेक यस काव्यमा अन्य पात्रको सामान्य अप्रत्यक्ष चर्चा भए तापनि प्रत्यक्ष भूमिका भने देखिन्न । त्यस्ता पात्रमा श्रीकृष्ण, पाण्डु, पाण्डवहरू, कौरवहरू, भीष्म र विदुर, द्रौपदी, गान्धारी आदि पात्रहरूको अप्रत्यक्ष रूपमा सामान्य भूमिकामा चर्चा मात्र गरिएको छ । त्यसैले प्रस्तुत काव्य पात्रविधानका दृष्टिले अल्प पात्रको अर्थात् एकल पात्रको उपयोग वा प्रस्तुति गरिएको काव्य हो भन्न सकिन्छ । साथै उक्त चर्चामा आएका अन्य पात्रलाई गौणपात्रमा राख्न सकिन्छ ।

## परिवेश

यस काव्यको परिवेश युद्धको त्रासदीय परिवेश, राजदरवारी सुख सयल, ऐस आरामको परिवेश, सन्ध्या प्रातः कालीन परिवेश, नदी, खोला, पहाड पर्वत, सूर्यचन्द्र, दिनरातको परिवेश त्यस्तै उषाकाल, सन्ध्याकालको परिवेश यस काव्यमा उल्लेख भएको पाइन्छ । साथै सामयिक दृष्टिले यस

काव्यको परिवेशलाई नियाल्दा वर्षौंसम्मको महाभारतकालीन युद्ध, शान्ति र सौहाद्रताको सामयिक परिवेशलाई यस काव्यको कथानकले अप्रत्यक्ष रूपमा परिवेश निर्धारण गरेको देखिन्छ । पात्र धृतराष्ट्रको जीवन भोगाइका क्रममा जन्मदेखि मृत्यु पर्यन्तको करिव शतकीय परिवेशलाई यस काव्यले सामयिक परिवेशका रूपमा ओगटेकाले शीतकालीन, ग्रीष्मकालीन, वर्षाकालीन परिवेशलाई पनि यस काव्यले ओगटेको देखिन्छ । त्यसैले यस काव्यले खण्डकाव्य परम्पराको अन्विति त्रयलाई समेटेको देखिन्छ । देश काल र परिस्थिति नै यस काव्यमा परिवेशका रूपमा समाहित भएका छन् । इन्द्रप्रस्थ जस्ता देशीय परिवेश, उषा, सायं, दिवा जस्ता दैनिक कालगत परिवेश र नदीनाला, उद्यान, झरना, पहाड पर्वत आदिको उपस्थितिले प्राकृतिक परिवेशको प्रतिनिधित्व गरेका छन् । त्यसैले परिवेश विधानका दृष्टिले पनि काव्य उत्कृष्ट देखिन्छ ।

## वैचारिकता

कवि घनश्याम कँडेल धृतराष्ट्र खण्डकाव्यमा प्रगतिशील र मानवतावादी वैचारिकताबाट उपस्थित भएका छन् । उनको यस कृतिमा एकातर्फ महाभारतीय खल पात्रलाई नायकत्व प्रदान गर्ने वैचारिकता, अपाङ्गहरूप्रति गरिने हेयभाव र थिचोमिचोलाई यहाँ वैचारिकताका दृष्टिले प्रगतिवादी वैचारिकता यस काव्यमा प्रयोग भएको पाइन्छ । ( ज्ञवाली : २०७३ )

कविले धृतराष्ट्रको अन्धत्वबोधपछि भएको विकलाङ्गहरूलाई समाजले हेय भावले हेर्ने दृष्टिकोण माथि व्यङ्ग्य गर्दै विकलाङ्गलाई सान्त्वना दिनुपर्ने, सम्मान दिनुपर्ने मानवतावादी वैचारिक दृष्टिकोण यस काव्यमा व्यक्त गरेका छन् । मान्छे मान्छेलाई अपाङ्ग भनी घृणा गर्छ । ऊ उसका पीडा, बाध्यता विवशता के छन् बुझ्दैन । त्यसैले विकलाङ्गलाई तिमीले अरुकेही दिनु पर्दैन उनीहरू आफै सक्षम छन् । मात्र तिमी विकलाङ्गलाई पनि यी मानव हुन् । यिनको पनि जीवन छ । चाहना छ । वासना छ । सोचविचार र पराक्रम छ । त्यसैले उनीहरूका सोच विचार बदल्न सकिन्छ र सबैले एकता कायम गरी सुन्दर परिस्थितिको सृजना गरी मानवले, मानवलाई मानवीय दृष्टिले हेर्नुपर्छ । अपाङ्गले पनि अवसर पाए सपाङ्ग सरह काम गर्न सक्छन् । बाँच्ने, लेख्ने, पढ्ने, हिडँडुल गर्ने समान अवसर पाउनुपर्छ । अवसर पाए उनीहरू पनि केही गरेर देखाउन सक्छन् भन्ने मानवतावादी वैचारिकताको उचित तवरले प्रयोग गरेका छन् । त्यसैले यो कृति वैचारिकताका दृष्टिले पनि उत्कृष्ट बन्न पुगेको देखिन्छ ।

## भाषाशैली

कवि कँडेलले हालसम्मकै उत्कृष्ट कृतिमा परेको यस काव्यमा सरल रैखिक ढाँचामा भाषाशैलीको प्रयोग गरेका छन् । कवि कँडेल छन्दसिद्ध कवि भएकाले उनको यो काव्यको भाषाशैली काव्यमय पद्यात्मक बनेको छ । सरल, सरस र माधुर्ययुक्त भाषाको आदि मध्य र अन्त्ययुक्त रैखिक ढाँचामा यो कृति लेखिएको छ । यस कृतिको भाषा आलङ्कारिक, बिम्बात्मक र रसात्मक रहेको छ । कवि कँडेलले आफ्ना काव्यमा कतै व्यङ्ग्यात्मक, कतै सरल त कतै आक्रोशयुक्त भाषा शैलीको प्रयोग गरेका छन् ।

कविले सरल र बोधगम्य भाषामा यस काव्यको सुरुवात गरेका छन् भने क्रमशः कथानक विस्तृत हुँदै जाँदा पनि यस्तै सरल भाषा र संरचनात्मक शैलीको प्रयोग गरेका छन् । यस काव्यको भाषाशैली मनोवैज्ञानिक, दार्शनिक र गम्भीर चिन्तनयुक्त देखिन्छ । त्यति भएर पनि आद्यन्त धृतराष्ट्रकै वर्णनमा केन्द्रित भएकाले सरल, बोधगम्य, सरस र सुगठित भाषाशैलीको प्रयोग गरिएको देखिन्छ ।

## रसविधान

कवि कँडेलको बार्धक्य वयमा लेखिएको उक्त काव्यले अङ्गीरस र अङ्गरसहरूका रूपमा निम्न रसलाई लिएको छ । अङ्गरसका रूपमा शोक स्थायी भाव भएको करुणरस देखिन्छ । प्रस्तुत काव्यमा आद्यन्त करुणरस अटूट रूपमा प्रवाहित भएकाले करुणरस नै अङ्गीरस बन्न पुगेको छ ।

काव्यमा रसको उचित परिपाक अवस्था हुनु नै रसविधान हो । उक्त काव्यमा विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भाव कहाँ के कसरी प्रयुक्त भएका छन् ? भनी  विश्लेषण गरी पुष्ट्याईं गरिने भएकाले उक्त काव्यमा अङ्गीरस कुन र अङ्गरस कुन छ ? तिनको अन्विति मिलेको छ छैन ? काव्य कसरी सरस भएको छ ? भनी विश्लेषण गरी रस परिपाकको अवस्थालाई विश्लेषणको पाटो बनाई निष्कर्ष निकाल्ने कार्य यस अन्तर्गत रहेको छ ।

## अङ्गीरसको विवेचना

अङ्गीरस भन्दा साथ प्रबन्धकाव्यको मूल कथ्यसँग जोडिएर आद्यन्त देखिने, थुप्रै स्थानमा परिपाक अवस्थामा देखिएको मुख्य रस भन्ने बुझिन्छ । प्रस्तुत धृतराष्ट्र प्रबन्धकाव्यमा प्रायः रसहरूको अभिव्यक्ति देख्न सकिन्छ । तथापि मूल कथ्यसित जोडिएर देखा परेका धृतराष्ट्र मुख्य र अन्य सहायक पात्रहरू तथा कविनिबद्ध वक्तिप्रौढोक्ति शैलीको माध्यमबाट शोक भाव आद्योपान्त प्रवाहित भएकाले करुण अङ्गीरस हुन पुगेको देखिन्छ ।

प्रस्तुत काव्यको थालनीमै आफ्नो अन्धत्व बोध गरेका धृतराष्ट्रले व्यक्त गरेका कारुणिक प्रसङ्गले जीवनका कारुणिक हृददयविदारक घटनाको प्रसङ्ग उल्लेख गरेकाले काव्यको सुरुवातमै विकलाङ्ग धृतराष्ट्रले अन्धत्व प्राप्तभएको बोध गरेपछि शोक भाव जागृत गराउन करुणरसोचित उद्‌गार यसरी व्यक्त गरिएको छ :

न देख्छु दिन हाँसेको रोएको न त रात नै

न देख्छु विरही सन्ध्या न प्रफुल्ल प्रभात नै । (पृ. १०)

धृतराष्ट्र अन्धत्व बोध भएपछि भन्छन् म न त दिन देख्छु त अन्धकार रात्रि म त सुनौलो प्रभात देख्छु न विरही सन्ध्याकाल त्यसैले म दुःखी छु भन्ने उक्त कथनमा करुण भाव अर्थात् शोक भाव जागृत भएको छ । आँखा देख्नेहरूका लागि मात्र संसारका विचित्र वस्तुहरू देखा पर्दछन् । नदीनाला पहाड पर्वत वजजङ्गल उषाकाल प्रातःकाल, मध्यान्ह, सन्ध्याकाल रात्रिकाल केवल आँखा देख्नेले नियाल्न पाउँछन् ।मैले त तिनको अनुभवै गर्न पाइन, भन्दै धृतराष्ट्रले अभिव्यक्त गरेका विचारबाट शोक स्थायीभाव प्रथम खण्डबाटै प्रवाहित हुन पुग्दछ । जस्तै :

लाग्थ्यो प्युन सके प्युँथे दृष्टिले सृष्टि माधुरी

रमाउन सके रम्थें निसर्गमा सधैँभरि । (पृ. २१)

उक्त वर्णनमा आफूले अन्धत्व प्राप्त गरेकै कारण सृष्टिको सौन्दर्य नियाल्न नपाएको र रमाउन पनि नपाएको कुरा स्मरण गराउँदै शोक स्थायी भाव जागृत हुन पुगेको छ । तसर्थ यस प्रबन्धकाव्यको थालनीले करुणरसलाई अङ्गीरस बनाउन उपयुक्त परिवेश तयार पारेको देखिन्छ । यसमा धृतराष्ट्रलाई पहिला अन्धत्वको थाहै नभएको र अन्धत्व बोध भइसकेपछि संसार नै नरमाइलो लाग्न थालेबाट कथावस्तु प्रारम्भ भएको छ । यही पीडा र दैन्य मूल कारण बताउने सन्दर्भमा धृतराष्ट्रको एकालापले शोक भावलाई जागृत गरेको छ ।

धृतराष्ट्रले आफू आमाको माया पाएर मात्र बाँचेको र अरु सबैबाट उपेक्षित भएको म अन्धो थिएँ भन्ने कथनबाट थप पीडाबोध भएको प्रसङ्ग उद्दीप्त भएको देखिन्छ । जस्तै :

थिएँ अबोध अन्धो म त्यतिखेर उपेक्षित

मायाँ पाएर आमाको सकेँ रहन जीवित । (पृ. २६)

त्यस्तै वात्सल्य भावलाई पनि यस काव्यमा यसरी अभिव्यक्त गरिएको छ :

मभित्र रक्त सञ्चार थिइन् गराउने उनै

प्राणको रसले प्राण ममा भर्ने थिइन् उनै । (पृ. २६)

यहाँ आमाले आफूभित्र रक्त सञ्चार गराई प्राणले भरेकी हुन् अर्थात् आमाकै माया पाएर म बाँचेको हुँ भने आमाको ममता नभए म बच्ने नै थिएँन भन्ने धृतराष्ट्रको धारणा उक्त प्रसङ्गले जागृत गराई बात्सल्य भाव जागृत गराइएको छ ।

हुँदो रहेछ अन्धो हुँ भन्दा पीडा कता कता

थपिन्छ झन् त्यहीँ पीडा कुरा सुन्दा नचाहिँदा । (पृ. २६)

अन्धो हुँ भन्दा पनि कता कता पीडा हुँदो रहेछ । त्यै अन्धो भएर शब्दले झन पीडा थप्दै अरुका नचाहिँदा कुराले थप पीडा दिँदा रहेछन् भन्दै धृतराष्ट्र स्वयंले अन्य मानिस विकलाङ्गलाई माया, ममता, हौसला दिनुको साटो घृणा उपेक्षा गर्दा रहेछन् भन्दै शोक भावलाई जगाएका छन् । त्यसैले कथानक अघि बढ्दै जाने क्रममा :

जान्दछन् गुरुआचार्य सारा राज्य परम्परा

थियो विश्वास गर्ने छन् सबैले न्यायका कुरा

फुटे विश्वास पानीका फोका झैँ तर त्यो क्षण

दृष्टिहीन भएकाले ठानिएँ जब अक्षम । (पृ. ३६)

मूल कारण बताउने सन्दर्भमा धृतराष्ट्रको एकालापले शोक भावलाई जागृत गरेको छ । धृतराष्ट्रले आफू आमाको माया पाएर मात्र बाँचेको र अरु सबैबाट उपेक्षित भएको म अन्धो थिएँ । भन्ने कथनबाट थप पीडाबोध भएको प्रसङ्ग उद्दीप्त भएको देखिन्छ । जस्तै :

थिएँ अबोध अन्धो म त्यतिखेर उपेक्षित

मायाँ पाएर आमाको सकेँ रहन जीवित । (पृ. २६)

त्यस्तै वात्सल्य भावलाई पनि यस काव्यमा अभिव्यक्त गरिएको छ । यहाँ आमाले आफूभित्र रक्त सञ्चार गराई प्राणले प्राण भरेकी हुन् अर्थात् आमाको माया पाएर म बाँचेको हुँ नत्र भने म बाच्ने नै थिएन भन्ने धृतराष्ट्रको धारणा उक्त प्रसङ्गले जागृत गराई वात्सल्य भाव जागृत गराएको छ ।

हुँदो रहेछ अन्धो हुँ भन्दा पीडा कता कता

थपिन्छ झन् त्यही पीडा कुरा सुन्दा नचाहिँदा । (पृ. २७)

अन्धो हुँ भन्दा पनि कता कता पीडा हुँदो रहेछ । त्यै अन्धो भन्ने शब्दले झन् पीडा थप्दै अरुका नचाहिँदा कुराले थप पीडा घृणा उपेक्षा गर्दा रहेछन् न्दै शोक भावलाई थप प्रस्ट्याएका छन् । त्यसैले कथानक अघि बढ्दै जाने क्रममा :

जान्दछन् गुरुआचार्य सारा राज्य परम्परा

थियो विश्वास गर्ने छन् सबैले न्यायका कुरा । (पृ. ३६)

भन्दै दृष्टिविहिन हुनु नै कमजोरी ठानी सबै मिलेर अर्थात् गुरु पुरोहित गण्यमान्य सबै जना मिलेर उचित न्याय र सम्मान दिनेछन् भन्ने आफ्नो सोचाइ रहेको र त्यो सोचाई गलत भएको तथा दृष्टिहीन भएकै कारण राज्य सत्ता धृतराष्ट्रलाई नदिई उनका भाइ पाण्डवलाई दिनेतर्फ अरुको चासो गएकाले विकलाङ्गलाई सबैले होइन कसै पनि न्याय दिन्न भन्ने धृतराष्ट्रका माध्यमबाट र माथिको प्रसङ्गका माध्यमबाट यस काव्यमा शोक स्थायी भाव भएको करुणरस प्रधान छ भन्ने पुस्टि हुन्छ । त्यसैले आद्योपान्त शोक भावले स्थान ओगटेकाले प्रस्तुत काव्यको अङ्गीरस करुण नै हो भन्ने पुस्टि हुन्छ ।

महाभारतको युद्ध सकियो सकिए सबै

होमिए त्यसमा मेरा वीर पुत्रहरू सबै । १ ।

उक्त प्रसङ्गहरूमा पनि महाभारतको युद्धले सबै सकिए सबै त्यसमै होमिए, मेरा सबै बल शाली छोराहरू पनि सकिए । म त मुर्ख भएर वंश नाश गराएँ तर कृष्ण कुटील भएर पनि सर्वनाश गराए । सबैले समान रूपमा न्याय पाएको भए र निष्पक्ष शासन भएको भए अब युद्ध हुन्न । कसैले मार्न मर्न पर्दैन भनेर उद्घोष गर्न सकिन्थ्यो । अब त युद्धका दिन गए भनी उद्घोष गर्न सकिन्थ्यो तर खै कहिले समन्याय र निश्पक्ष शासन सत्ता आउला र भन्दै धृतराष्ट्रले पुत्र वियोग, वंश विनाश र सर्वनाशका कुरा गरेको प्रसङ्गले शोक स्थायी भाव र करुणरस यस प्रबन्धकाव्यमा अङ्गीरसका रूपमा आद्योपान्त भएको कुरा स्पष्टिन्छ ।

**अङ्गरसहरू**

धृतराष्ट्र प्रबन्धकाव्यमा अद्भुत, वीर, भयानकरसहरू अङ्गरसका रूपमा स्वल्पावस्थामा देखा परेका छन् । रसरूपमा परिणत भई आस्वादनीय बनेका ती रसहरूका उदाहरणहरूलाई विभावादि सामग्रीका रूपमा चिनाउन र विश्लेषण गर्न सकिन्छ ।

**अद्भुतरस**

यस प्रबन्धकाव्यको अङ्गीरस करुण भएकाले त्यससँग अविरोधी रसका रूपमा अद्भुतरसको उपस्थिति देखिन्छ । यहाँ अप्रत्याशित रूपमा धृतराष्ट्रलाई राज्य प्राप्ति भएको मुख्य आधार र विषयवस्तु बनाइएको प्रसङ्गले कथावस्तुलाई क्रमिक रूपमा उत्कर्षतातिर डोऱ्याउने क्रममा यो रस प्रवाहित रहेको देखिन्छ । काव्यको शीर्षक र प्रकरणगत शीर्षक वा खण्ड शीर्षकले नै अद्भुतताको परिचय दिएको छ । धृतराष्ट्रको राज्य अप्रत्याशित रूपमा प्राप्त हुनु र धृतराष्ट्र अचम्भित हुनु नै यस प्रबन्धकाव्यको कथ्य विषयसँग सम्बद्ध भई काव्यमा आश्चर्ययुक्त अवस्था सृजना हुँदा स्थायी भाव विस्मय वा आश्चर्यको जन्म हुन पुग्दछ । यहाँ धृतराष्ट्रको राज्यप्राप्तिलाई विषयालम्बन बनाई धृतराष्ट्रकै आश्चर्यतामा यो रस परिपाक अवस्थामा पुगेको छ । उक्त अवस्थाले अद्भुतरसको यसरी निष्पत्ति भएको छ :

म देख्थेँ कहिलेकाहीँ सुनौला सपना पनि

रमाउँथे तिनै स्वप्न सम्फेर व्युँफदा पनि । (पृ. ३०)

उक्त अंशमा सुनौला सपना देख्ने आश्रयालम्बन र स्वप्न विषयालम्बन हुन् भने स्वप्न देखेर रोमाञ्चित हुनु, स्वप्न सम्फेर व्युँफदा पनि रमाउनु उद्दीपन विभाव मानिन्छन् भने उपर्युक्त प्रसङ्गले धृतराष्ट्र रमाउनु अनुभाव हो, आश्चर्य चकित हुनु अनुभाव हो । यसबाट आवेग, हर्ष, मद, जडता विवोध जस्ता कुराहरू देखा पर्नु वा उत्पन्न हुनुले सञ्चारी व्यभिचारी चित्तवृत्तिहरू देखा पर्न थालेपछि विस्मय वा आश्चर्य स्थायी भावको जन्म भई अद्भुतरस परिपाक हुन्छ ।

प्रस्तुत काव्यमा पौराणिक महाभारतीय कथानकलाई अहिलेको युगसम्म तन्काई विस्मयभाव सञ्चरण हुने गरी कथावस्तु नयाँ सिराबाट बुनी धृतराष्ट्रलाई हस्तिनापुरको राजा आफू बन्ने आश्चर्यपूर्ण स्वप्न देख्ने बनाउनुको यस प्रबन्धकाव्यमा विषय स्थायी भावको जन्म गराउने स्थिति ल्याइनुले अद्भुतरस परिपाक अवस्थामा पुगेको देखिन्छ :

हस्तिनापुरको राजा लाग्थ्यो बन्ने छु मै अब

पाउनेछु म त्यो बेला सुख संसारका सब । (पृ. ३०)

उक्त श्लोकमा हस्तिनापुरको राजा बन्ने सपना देख्ने धृतराष्ट्र आश्रयालम्बन राज्य प्राप्ति हुने सपना विषयालम्बन, राज्यप्राप्त हुने सपनारुपि आधार उद्दीपन विभाव र रोमाञ्चित हुनु, हर्षले प्रफुल्लित बन्न खोज्नु, खुसी हुनु अनुभाव र स्वप्न, शङ्का, हर्ष, चपलता र विवोध आदि व्यभिचारी वा सञ्चारी भाव हुन् । उपर्युक्त सबै उपकरणले विस्मय वा आश्चर्य स्थायी भावले साकार रूप लिई अद्भुतरस

निष्पत्ति वा परिपाक भएको छ । उपर्युक्त विभावादिको अन्वितिबाट विस्मय वा आश्चर्य स्थायी भाव परिपाक भएको छ ।

अद्‌भुतरसकै प्रसङ्गमा काव्यको कथानक अघि बढाई सरसता कायम गराउन र काव्यको उद्देश्य पूर्ण गर्नको निम्ति प्रसङ्गाङ्कित भएको अर्को सन्दर्भ हेरौं :

स्वप्नको पनि सत्ताले पार्‍यो मलाई मोहित

तिनको हाल के होला साँच्चै सत्ता छ जोसित । (पृ. ३३)

उक्त प्रसङ्गमा धृतराष्ट्र आश्रयालम्बन, मोहित पार्ने राज्यसत्तारुपि सपना विषयालम्बन, राज्यसत्ता प्राप्तिको सपना देख्ने आधार उद्दीपन विभाव हुन् भने अनुभावका रूपमा धृतराष्ट्रको राज्य सत्ता प्राप्तिको मोह, राजा बन्न पाइने आकाङ्क्षा वा अनुभूति हो ।

सञ्चारी वा व्यभिचारी भावका रूपमा उग्रता, शङ्का, मद, जडता, मोह, विवोध आदि अभिव्यक्त भएका छन् र सबैको एकाकारले विस्मय वा आश्चर्य स्थायी भावले अद्‌भुतरसलाई परिपाक अवस्थामा पुर्‍याएको छ । त्यस्तै अद्‌भुतरसकै परिपाकका सन्दर्भमा अर्को एक उदाहरण नियालौं :

पोल्थ्यो मलाई आगाले पोलेझैं वर्तमानले

थाहै हुँदैनथ्यो मेरा सपना कसरी जले । (पृ. ३२)

उक्त प्रसङ्गमा पनि आलम्बन विभावका रूपमा नायक धृतराष्ट्र आश्रयालम्बन सपना पोल्ने आगो विषयालम्बनविभाव हुन् भने उद्दीपन विभावका रूपमा वर्तमानले आगाझैं पोल्नु, सपना जल्ने आगो उद्दीपन विभाव हुन् र अनुभावका रूपमा धृतराष्ट्रको जलनको अनुभव, थाहै नपाई सपना जल्नु अनुभाव हो । व्यभिचारी वा सञ्चारी भावका रूपमा स्वप्न, शङ्का, स्मृति, विवोध, आवेग, दैन्य आदि उपकरण हुन् तिनै उपर्युक्त सम्पूर्ण उपकरणको संयुक्तताबाट विस्मय वा आश्चर्य स्थायी भाव अद्‌भुतरस रूपमा सहभागी भै अद्‌भुतरस परिपाक भएको छ । सोही प्रसङ्गानुकुलको अन्त्यमा एउटा प्रसङ्ग हेरौं :

हुन्थें झल्याँस्स ब्युझे झैं केही बेर भएपछि

ब्युझन्थे मसँगै मेरा मनका ती सबै स्मृति । (पृ. ३३)

उक्त प्रसङ्गमा आश्रयालम्बन नायक धृतराष्ट्र, विषयालम्बन विभावका रूपमा उनका व्युँझने स्मृतिहरू अर्थात् मनका स्मृतिहरू, उद्दीपनका रूपमा निद्राबाट ब्युँझेझैं व्युँझाउने मनका चाहना र स्मृतिहरू अर्थात् राज्य सत्तारुपि मोह उद्दीपन विभाव हुन् भने अनुभावका रूपमा निद्राबाट ब्युँझेझैं ब्युँझनु, झल्याँस्स हुनु आदि अनुभाव हुन् भने सञ्चारी वा व्यभिचारी भावका रूपमा स्मृति, विवोध, शङ्का, चपलता आदि व्यभिचारी वा सञ्चरी भाव हुन् । उपर्युक्त प्रसङ्गमा आएका विभाव, अनुभाव र व्यभिचारी वा सञ्चारी भावको संयुक्ततामा तथा विस्मय वा आश्चर्य स्थायी भावमा परिणत भई अद्‌भुतरस परिपाक भएको छ । अर्थात् अद्‌भुतरस निष्पत्ति भएको छ । यसरी उक्त काव्यमा

अङ्गरसका रूपमा अद्‌भुतरस परिपाक भई करुणरसरुपि अङ्गीरसलाई उपकार गर्ने वा सघाउने कार्य गरेको पाइन्छ ।

**वीररस**

यस काव्यमा अङ्गीरसका रूपमा रहेको करुणरसलाई हानी वा घात नगर्ने वीररस अर्को अङ्गरसका रूपमा यस काव्यमा प्रयुक्त भई अङ्गीरसको उपकार गरेको देखिन्छ ।

कोही प्रभु हुने छैन मनै हुनेछु सम्प्रभु

गर्नेछन् खालि तामेली मेरै हुकुमको अरु । (पृ. ३०)

उक्त प्रसङ्गमा अरु कसैलाई पनि प्रभु हुन नदिनु विषयालम्बन विभाव, तामेली गर्नेहरू आश्रयालम्बन विभाव, गर्विलो बोली र आँटिलो हिम्मत उद्दीपन विभाव, अनुभावका रूपमा आफू समान अर्को भएको नदेख्नु, हुकुम चलाउने मानसिकता आदि व्यक्त भएका छन् भने व्यभिचारी वा सञ्चारी भावका रूपमा निर्वेद आवेग, दैन्य, मद, औत्सुक्य, उन्माद, गर्व आदि अभिव्यक्त भएका छन् । स्थायी भावका रूपमा उत्साह जोस अभिव्यक्त भई रस परिपाक भएकाले उक्त प्रसङ्गमा वीररस परिपाक भएको देखिन्छ । त्यस्तै अर्को उदाहरण हेरौं :

अघि सोझ्याउँथे जो जो व्यङ्गयका वाण मैतिर

हुनेछन् ती सबै मेरै स्तुतिका लागि आतुर । (पृ. ३०)

उक्त प्रसङ्गमा विषयालम्बन नायक धृतराष्ट्र, आश्रयालम्बन अघि उनलाई हेप्ने शत्रुहरू, उद्दीपन शत्रुहरूको हेपाहा प्रवृत्ति र नायकको दर्बिलो हाँक, अनुभावका रूपमा शत्रुको हेपचेपपूर्ण व्यवहार, तन्जन्य व्यवहारबाट उत्पन्न प्रतिशोधको भावना आदि । सञ्चारी वा व्यभिचारी भावका रूपमा निर्वेद आएको छ । त्यस्तै अर्को उदाहरण हेरौँ :

सुर्याउँछु सकेसम्म यो दुर्योधनलाई म

सकोस् भोलि उसैले नै आँधी□बेहरी ल्याउन।१२। (पृ. ३१)

उक्त प्रसङ्गमा दुर्योधनलाई सुर्‍याउनु आलम्बन विभाव, दुर्योधनमा प्रतिशोधको भावना जाग्नु उद्दीपन विभाव, आँधीहुरी ल्याउनु अनुभाव, आवेग, मद, जडता, उग्रता सञ्चारी वा व्यभिचारी भाव उत्साह स्थायीभाव उत्पन्न भई वीररस परिपाक भएको छ । हेरौँ अर्को प्रसङ्ग :

कोही प्रभु हुनेछैन म नै हुनेछु सम्प्रभु

गर्नेछन् खालि तामेली मेरै हुकुमका अरू ।७। (पृ. ३७)

उक्त श्लोकमा कवि कँडेलले धृतराष्ट्र राजा भएपछि आफूमा दम्भ आएकाले कसैलाई आँखा नदेखी आफ्नो निर्देशन र हुकुम चल्ने अरू सबै आफ्ना हुकुमको तामेली गर्ने मातहतका कर्मचारी हुन् भन्दै वीरता प्रदर्शन गरेको कुरा उल्लेख गरेका छन् । उक्त श्लोकमा आलम्बन विभाव नायक धृतराष्ट्र र पाण्डवहरू (अप्रत्यक्ष), उद्दीपन विभाव युद्ध जित्ने आधार र जितेको खुसी, राज्य प्राप्त

गरेको खुसी उन्मादपूर्ण गर्जन, अनुभावका रूपमा राजा भएको, सम्प्रभु भएको र आफ्नो हुकुम चल्ने तथा अरूले हुकुमको तामेली गर्ने व्यवहार देखिएका हुन् भने सञ्चारी भावका रूपमा गर्व, उग्रता, विबोध जस्ता भावहरू देखिएका छन् । उक्त सम्पूर्ण भावहरूको एकाकार भई वीररस परिपाक भएको छ ।

यसरी घनश्याम कँडेलको धृतराष्ट्र प्रबन्धकाव्यमा अङ्गीरसका रूपमा करुणरस र अङ्गरसका रूपमा अद्भुत, वीर र शान्तरस देखापरेका छन् । समग्र प्रबन्धकाव्य शोक स्थायी भाव भएको करुणरसका केन्द्रीयतामा विचरण गरी अन्य अङ्गरसका सहायताले पोषित हुँदै रसपूर्ण प्रबन्धकाव्य सिर्जना गर्न सक्षम भएको देखिन्छ । सिद्धान्ततः करुणरस,वीररस र अद्भुतरस एकआपसमा विरोधी रस भए तापनि उक्त काव्यमा कविले दोषपरिहारका निम्ति उक्त रसहरूका बिचमा अन्य रसको प्रयोग गरेका छन् । एउटा सानो लेखमा उक्त दोष परिहारका कुरासमेत उल्लेख गर्दा लेखको शब्दसीमा नाघ्ने भएकाले सटिक बनाउन यसो गरिएको हो ।

## निष्कर्ष

कवि घनश्याम कँडेलद्वारा रचित धृतराष्ट्र खण्डकाव्य वि. सं.२०७३ सालमा प्रकाशित पौराणिक प्रबन्धकाव्य हो । उक्तकाव्यमा कविले महाभारतीय मिथकलाई विषयवस्तु बनाई सरसता प्रदान गरेका छन् । उक्त काव्यमा पौरस्त्य वाङ्मयको रस विधानलाई के कसरी प्रयोग गरिएको छ र रसविधान गर्दा अङ्गी तथा अङ्ग रसलाई कसरी परिपाक अवस्थामा पुर्‍याइएको छ भनी रसवादी दृष्टिले केलाउँने कार्य गररिएको छ । त्यस क्रममा रससामग्रीको विश्लेषण, विभाव , अनुभाव , व्यभिचारी भावको सामान्य विश्लेषण गरी मूलतः रसविधानको पाटोलाई नै बढी जोड दिई अङ्गी र अङ्गरसको विवेचना गरी अङ्गीरसको निरूपण गरिएको छ । अन्त्यमा घनश्याम कँडेलको धृतराष्ट्र खण्डकाव्यमा करुण रसको उचित प्रयोग गरी रसविधान गरिएकाले अङ्गीरसको निरूपण गरी उक्त खण्डकाव्य सरस काव्य भएको र कवि घनश्याम कँडेल रससचेत कवि भएको निष्कर्ष निकालिएको छ ।

## कृतज्ञता ज्ञापन

प्रस्तुत अनुसन्धानमूलक लेख तयार गर्ने क्रममा मलाई यथेष्ट सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सर्जक,लेखकहरू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

## सन्दर्भ सामग्री

अधिकारी, चक्रप्रसाद, (२०८०), *घनश्याम कँडेलकाप्रबन्धकाव्यमारस,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, दाङ, नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धानकेन्द्र, बेलझुन्डी ।

कणेल, शान्ता,(२०६८), *घनश्याम कँडेलकाखण्डकाव्यको वैचारिक पक्षको अध्ययन* , अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं,त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर ।

कँडेल, घनश्याम,(२०७३), *धृतराष्ट्र,* काठमाडौँ : ऐरावती प्रकाशन ।

घोडासैनी, खगेन्द्र, (२०८०), *परियोजना कार्यको सैद्धान्तिक अवधारणा,* हैमप्रभा त्रैमासिक नन् प्रेडेटोरी , विज्ञसमीक्षित , नेप्जोल सूचीकृत जर्नल, भोलुम १ , अङ्क २२, नेपाल संस्कृत विश्वविद्यालय, जनता विद्यापीठ, बिजौरी दाङ ।

जगन्नाथ, (सन् २००३), *रसगंगाधर,* वाराणसी, चौखम्बा विद्याभवन ।

भरत, (२०५४), *नाट्यशास्त्रम्* वाराणसी कृष्ण अकादमी ।

वात्स्यायन, (सन् १०६४), *कामसूत्र,* वाराणसी, चौखम्बा संस्कृत सिरिज अफिस ।

विश्वनाथ, (सन् १०७६), *साहित्यदर्पण,* नवौँ संस्करण, बनारस चौखम्बा विद्याभवन ।